जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १३, अङ्क- ३६, २०८२ वैशाख ४ गते विहीबार, 17 April 2025, नेपाल सम्वत्-११४५ पृष्ठ-६, मूल्य रु. ५/-

औद्योगिक नगरमा रोजगार घट्दो

○ सहीखबर संवाददाता

मकवानपुर । बागमती प्रदेशमा रोजगारीको अवसर पाउने दर केही वर्ष यता निरन्तर घट्दै गएको छ । प्रदेश अन्तर्गतका जिल्लामा सञ्चालित घरेलु तथा साना र अन्य उद्योगमा रोजगारी पाउनेको संख्या घट्दो क्रममा रहेको हो ।

प्रदेशको उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयको तथ्यांक अनुसार ५ आर्थिक वर्ष यता उद्योगमा रोजगारीको अवस्था घटिरहेको हो । मन्त्रालयको तथ्यांक अनुसार आर्थिक वर्ष २०६६/०६७ मा मकवानपुर र भक्तपुर बाहेकका ११ जिल्लामा ३४ हजार ६१९ जनाले रोजगारीको अवसर पाएका थिए । आर्थिक वर्ष २०६७/०६८ मा सो दर बढेर ४६ हजार ११२ पुगे पनि त्यस यता यो संख्या घट्दै गएको हो ।

आर्थिक वर्ष २०६८/०६९ मा बागमती प्रदेश अन्तर्गत उद्योग क्षेत्रबाट रोजगारीको अवसर पाउनेको संख्या ३८ हजार २२३ रहेको मन्त्रालयको तथ्यांक छ । यस्तै, आर्थिक वर्ष २०६९/०८० मा यो संख्या घटेर ३० हजार १२० मा आइपुगेको थियो भने २०८०/०८१ मा ३३ हजार ७९४ जनाले उद्योगका क्षेत्रमा रोजगारीको अवसर पाएका थिए ।

मकवानपुर र भक्तपुरमा सञ्चालित उद्योगहरुको विवरण भने हालसम्म संकलन नभएको मन्त्रालयले जनाएको छ ।

प्रदेशमा कृषि तथा वन पैदावार उद्योग बढी

बागमती प्रदेशमा सञ्चालित उद्योगहरुमध्ये सबैभन्दा बढी कृषि तथा वन पैदावार सम्बन्धी उद्योग रहेको तथ्यांक छ । यसैगरी दोस्रोमा सेवामूलक उद्योग रहेको मन्त्रालयको तथ्यांकले देखाउँछ ।

प्रदेशमा कृषि तथा वन पैदावार, ऊर्जा, पर्यटन तथा उत्पादनमुखी र निर्माण सम्बन्धी उद्योग सञ्चालित छन् । यसैगरी सेवामुलक, सूचना प्रविधि तथा खनिज सम्बन्धी उद्योग पनि सञ्चालनमा रहेको उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयले जनाएको छ ।

प्रदेशमा उत्पादनमूलक उद्योगको संख्या तेस्रो स्थानमा छ भने खनिजजन्य उद्योगको संख्या न्यून रहेको मन्त्रालयले जनाएको छ ।

नयाँ वर्ष २०८२ को हार्दिक मंगलमय

शुभकामना

नयाँ वर्ष २०८२ को पावन अवसरमा हाम्रा सेवाग्राही, उपभोक्ता ज्यूहरू, शुभचिन्तकज्यूहरूलगातय देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरूलाइ सुख, शान्ति, सर्मद्धीको लागि हार्दिक मंगलमय शुभकामना।



प्रो.राजाराम कंडेल

आस्था कन्स्ट्रक्सन

हेटौंडा २ परिवार

नयाँ वर्ष २०८२ को पावन अवसरमा हाम्रा पाठकवर्ग, विज्ञापनदाता, शुभचिन्तकलगातय देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरूलाइ हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

साझाजगत मल्टिमिडिया प्रा.लि.
www.saheekhabar.com

सहीखबर साप्ताहिक
saheekhabar weekly

हातमा पुर्जा मुहारमा हाँसो



○ सरिता दाहाल

मकवानपुर । आफ्नो जीवनका उर्जावान समय पाखोबारी खोस्रिएरै बित्यो । उमेर नेटो काट्दै आयो, हातमा नागरिता जग्गाधनि पुर्जा केही थिएन तुलीमायाको ।

"पाँच वर्ष पहिले नागरिकता पाएँ, अहिले जग्गाको पुर्जा" तुलीमाया भोम्जनले एकै श्वासमा भनिन् "यही पिरले विदेश गाको छोरो हरायो, यसरी पुर्जा पाइयो भन्ने उसले सुन्न पाएन ।" अझै पनि छोरो आउला झै लाग्छ उनलाई । भन्छिन् "हाम्रो पनि आफ्नो जग्गा छ भन्ने थाहा दिन पाएको दिन अझै म रमाउने थिएँ ।"

हातका औला राम्ररी चल्दैनन् उनका । दैनिक यसैपनि गाह्रो छ, सकि नसकि भेलापर्म गर्छिन । उमेरले ७५ वसन्त काट्यो, जीवनमा खुसीका पलहरू आउलान् भन्ने आशा र अपेक्षाका सिमा काटेनन् । अहिले त्यही मध्येको एउटा अपेक्षा पुरा भएको छ उनको ।

"रगत पसिना बगाएर पाँच दशकदेखि खनजोत गरेको जग्गाको पुर्जा हात पाएपछि उनले श्रीमान् र छोरो सम्झिइन् । त्यो मन भरिएर आयो, त्यो माया र सम्झना लुकाउन खोजिन तर आँखाले लाज मानेन् गहहरू भरिए । १३ वर्षको उमेर विवाह, त्यसको एक दशकपछि उनको परिवार मकवानपुरको बकैया ७ बसाइ सर्‍यो । पुर्जा विहीन जग्गा आपासी मौखिक सहमतिमा किने, भोगचलन गर्दै आए । "कुन दिन के हुने हो भन्ने लागि रहन्थ्यो" उनी भन्छिन् "ऐलानी जग्गामा बसेपछि मन कहिल्यै ढुक्क नहुने रहेछ, आज मन्त्री ज्यूकै हातबाट पुर्जा पाएँ ।"

"आफ्नो स्वास्थ्यको ख्याल गर्नुस् है आमा भन्नुभयो" संघीय सरकारका भूमी व्यवस्था तथा कृषि सहकारी मन्त्री बलराम अधिकारीले पूर्जा दिँदै भनेको स्मरण गर्दै तुलीमाया भन्छिन् "यो बेला छोरो हुँदो हो त, यसै भन्नेथ्यो होला, मन्त्री ज्यूसँग पनि खुसी छु ।"

उनको देब्रे खुट्टाको घुँडा र पैतालामा पनि समस्या छ सहजै हिँड्न सक्दिनन् । स्थानीय गाउँपालिकाले लालपुर्जा वितरण गर्ने खबरपछि उनी जोडबल गरेर एकघण्टाको बाटो सुस्तरी हिँडेर बकैया ७ भीरकोट आइपुगेकी हुन् ।

"लालपुर्जा लिन यहीं आउनु पर्छ भन्नुभयो, बल्लबल्ल आएँ" तुलीमाया भोम्जनले भनिन् "छिमेकीहरू पनि थिए साथ लागेर बिस्तारै आएँ ।"

लालपुर्जा लिने पालो कुर्दै गर्दा समेत उनलाई धेरै गाह्रो भयो, अस्वस्थ शरिर ठन्ठलापुर घाम, उभिएरै पालो कुरिरहन कठिन भएको बुझेपछि पालो मिलाए अगाडी नै पूर्जा लिने वातावरण सहयोगीले मिलाइ दिए ।

हातमा लालपुर्जा पर्ने बितिक्कै खुसीले उनको आँखा भरिए । २०३० सालदेखि बकैया ७ हर्दामा उनी बसोबास गर्दै आएकी हुन् । २०६९ सालमा पतिको मृत्यु भयो। छोरो रोजगारीका लागि विदेश गएको १६ वर्ष बित्यो, अहिलेसम्म बेखर छन् । अरू दुई छोरीको विवाह गरिन्, अहिले उनी घरमा एक्लै छिन् ।

"सरकारले दिँदै आएको भत्ता (वृद्धभत्ता) बाट बाँचेको छु" उनले भनिन् "कच्चि घर छ, घाम पानी खासै ओतिदैन ।"

"पुर्जा बिहीन घर थ्यो अब त्यो घर र जग्गाको पूर्जा पाएँ" अनुहारमा हाँसोको रङ्ग भर्दै उनले भनिन् । उनलाई घरसहित २ कट्ठा जमिनको लालपुर्जा प्रदान गरिएको हो ।

उनीसँगै जंगबहादुर माझि, सन्तलाल घलान, प्रेमकुमार सज्जेल,सुभद्रा परियार, पदम गुरूङलगायत ५९ जनाले जग्गा धनी पुर्जा पाए । अरू २२ हजार ६ सय जना भन्दाबढी जना पुर्जा पाउने प्रकृयामा छन् ।

२०२८ सालमा सरकारी अमिनले जग्गा नापेपछि पुर्जा पाइने आशा गरेको थिएँ, त्यो आशा आज पुरा भयो" बकैया ७ का ७६ वर्षीय पदम गुरूङले भने"हामीले ऐलानीमा खनजोत गर्‍यौ, अब छोरानातीहरूले पूर्जावाला जग्गामा घर बनाउलान् ।"

आफ्नो नाममा पहिलो पटक पुर्जा पाउँदाको खुसी प्रकट गर्दै उनले भने "अस्तिना कोरोना भयो, सबैले माया मारेका थिए, तर बाँचे, आजको खुसी हेर्न रहेछ।" गरि खाने बाटो भएन भनेर छोरा नातिहरू विदेश जाने भन्छन्, अब यही जग्गा बैंक/, सहकारीहरूमा राखेर भएपनि व्यवसाय गर्न बाटो खुलेको उनले बताए।"बुढो शरिर एक्लै छाडेर अब विदेश जादैनन् कि" उनले भने ।

भूमि समस्या समाधान आयोग मकवानपुरले बकैया ४ र ७ नम्बर वडाका भूमिहीन दलित र सुकुम्बासी गरी ५९ जनालाई लालपुर्जा वितरण गरेको छ ।

संघीय सरकारको भूमि व्यवस्था तथा गरिबी निवारण मन्त्री बलराम अधिकारीले लालपुर्जा वितरण गर्दै सरकार सुकुम्बासी र अव्यवस्थित बसोबासीको व्यवस्था गर्न सक्रिय रहेको बताए । "अब कहिले पनि सुकुम्बासी आयोग गठन गर्न नपर्ने गरी आयोगले काम गर्नेछ" उनले भने ।

जग्गाधनी पुर्जा प्राप्त गर्नेमा बकैया गाउँपालिका वडा ४ का १९ जना र भूमिहीन सुकुम्बासी ४० जना रहेको आयोगका जिल्ला अध्यक्ष बलराम बलले बताए ।

२८ पालिकाले फर्म भरेनन्



"सरकारले भूमिहीन समस्याको समाधान गर्नको लागि ११ लाख भूमिहीन, दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरू छन् भनिएको छ । तर यो तथ्याङ्क अपुरो छ । किनभने देश भरको २८ पालिकाले अझै फर्म नै भरेका छैनन । केहीले फर्म भरेका छन्, तर सबै वडाहरूमा पुग्याएका छैनन् ।

धेरै पालिकामा छुटेकोले फर्म खुलाउन माग भएको छ। मैले केन्द्रीय अध्यक्षलाई निर्देशन दिएको छु, अन्तिम पटकको लागि एक पटक फर्म खुलाइदिउँ, जसले गर्दा हामी छुट्यौ भन्न गुनासो नहोस्, फेरी फेरी फर्म खुलाउनु पर्ने माग नै नहोस्। हामीले छिटै त्यो काम गर्ने छौ ।

मकवानपुर जिल्लाको बकैयामा

बाँकी पेज ५ मा

प्रकाशक :- सरिता दाहाल
कार्यकारी सम्पादक :- जानुका संजेल,
समाचार संयोजक:- संझना घिमिरे,
बजार प्रतिनिधि :- गोपिनी दाहाल
मुख्य कार्यालय :- हेटौंडा-५ मकवानपुर
सम्पर्क :- ९८४५४६१३३३
इमेल :- saheekhabar333@gmail.com
कम्प्युटर सेटिङ: *सहीखबर साप्ताहिक* डेक्स हेटौंडा-५, मकवानपुर

सम्पादकीय

नयाँ वर्ष नयाँ यात्रा

हर समय हरपल नयाँ नै हुन्छ, तर वर्षफिरेपछि नयाँको अनुभुति गर्ने, 'नयाँ'को रूपमा मनाउने परम्परा रहेको छ । वि.स २०८१ लाई बिदाइ गरि २०८२ साललाई स्वागत गरिएको छ। यो साललाई स्वागत गर्दा केही अनुभवहरु, केही सफलताहरु हात पारेका र केही चुनौतीहरुको सामना गर्नुपरेको होला । ती सबै अनुभवहरुलाई आत्मसात गर्दै नयाँ वर्षमा अझ उत्साहका साथ अगाडि बढ्नुको विकल्प छैन । विगत जे जस्तो भएपनि आगतमा सामाजिक सद्भाव, आपसी सहयोग र राष्ट्रिय एकताको भावना अझ बलियो बनाउँदै लानु सबैको लागि उत्तम विकल्प हो ।

आर्थिक,सामाजिक, शैक्षिक र सांस्कृतिक क्षेत्रमा सकारात्मक परिवर्तन ल्याउन र सबै नेपालीले समृद्ध भविष्यको अनुभूति गर्न पाउने वातावरण बनाउनु पर्ने चुनौती समेत रहेको छ। यो समयमा आआफ्नो जीवनमा सबैले सकारात्मक परिवर्तन ल्याउन र नयाँ लक्ष्यहरु निर्धारण गर्न सक्छौं । नकारात्मक व्यवहार हरु त्याग गर्दै सकारत्मककर्ममा लाग्नु फलदायि हुन्छ । समुदायमा स्वयंसेवा गरेर अरुलाई मद्दत गर्दै, कोही कसैसँग मनमुटाव छ भने माफ गरेर सम्बन्ध सुधार गर्ने प्रयास गर्नुपर्छ ।

व्यक्तिगत, व्यावसायिक र सामाजिक जीवनका लागि नयाँ लक्ष्यहरु तय गर्न, योजना बनाउन, नयाँ ज्ञान लिन, डिजिटल डिभाइसबाट टाढा रहन, आशावादी बन्न र सकारात्मक दृष्टिकोण अपनाउ सुरू गर्न सकिन्छ । नयाँ वर्ष एउटा खाली पाना जस्तै बनाएर इच्छा अनुसार सकारात्मक कथा लेख्न सकिन्छ। यो अवसरलाई सदुपयोग गरेर जीवनमा सकारात्मक परिवर्तन ल्याउन नेपालीलाई प्रेरण मिलोस् ।

हतारको बिहे
फुर्सदको पारपाचुके



दुर्गा कुमारी कँडेल

हतारमा जब विवाह गरिन्छ तब फुर्सद निकालेर सम्बन्धविच्छेद गर्न अदालत धाउनुपर्ने समय आउँछ । विशेष गरी मागीविवाहको तुलनामा प्रेमविवाहमा सम्बन्धविच्छेदका घटनाक्रमहरु बढी भएको देखिन्छ । व्यक्ति स्वयं र परिवारको सहमतिमा जोडिएको सम्बन्धमा दरार आउनु भनेको सोचको अपरिपक्वता हो । परिपक्व मनस्थितिमा विवाह गरी अनुकूल परिस्थिति बनाई जीवन अगाडि बढाउन सक्नुपर्छ ।

बुबाआमाको सम्बन्ध बिग्रिएर छोराछोरीमा नकारात्मक प्रभाव परेका उदाहरणहरु प्रशस्तै देखिन्छन्, यस्तो कर्म गर्ने छुट बुबाआमालाई हुँदैन

विवाहलाई मानिसको जीवनको एउटा महत्त्वपूर्ण पाटोका रुपमा लिने गरिन्छ । यसले नै मानिसको जीवनको भोगाइलाई कहाँ र कसरी अगाडि बढ्ने र बढाउने निर्दिष्ट गर्दछ । सामान्यत:एउटा निश्चित उमेरमा विवाहको गरिन्छ । नेपालमा मुलुकी देवानी सँहिता २०७४ अनुसार पुरूष तथा महिलाको न्यूनतम उमेर २० वर्ष र अभिभावकको सहमतिमा विवाह गर्न मिल्ने न्यूनतम उमेर १८ वर्ष तोकिएको छ ।

व्यवस्थित विवाह, प्रेमविवाह, अन्तरजातीय विवाह, गान्धर्व विवाह, बहुविवाह, बालविवाहलगायतका विवाह संस्कार नेपालमा चलनचल्तीमा रहेको पाइन्छ । बालविवाह, बुहविवाह कानुनी रुपमा बन्देज छ ।

विवाह गर्ने समयमा एकअर्काको परिवार, समाज, व्यक्ति स्वयंका विचार, भावना, पारिवारिक संस्कार, परिस्थिति, स्तरलगायत विषयहरु आफूअनुकूल छन्/छैनन् ? घरपरिवारको वातावरण सुहाउँदो छ/छैन ? जस्ता विषयमा पहिले नै मानसिक रुपमा तयार हुनुपर्छ ।

विवाहपछि मानिस सामाजिक कानुनी, धार्मिक, सांस्कृतिक रुपमा स्वतन्त्र तथा अविवाहितभन्दा फरक हुन्छ र हुनुपर्छ । सोच, स्वभाव, सम्बन्ध, व्यवहारलगायत अन्य क्रियाकलापहरुमा विवाह गर्ने पुरूष तथा महिलाहरु परिवर्तन हुनुपर्छ । विवाहसँगै जोडिने विषय भनेको एकअर्काप्रतिको जिम्मेवारी र जवाफदेहिता हो । यसबाहेक घरपरिवार समाज, समुदाय त्यसपछिका पक्षहरु रहन्छन् ।

विवाह बन्धनमा रहेका केही अनुभवीहरुले भन्ने गर्दछन्न "विवाह खाँदा पनि तितो नखाँदा पनि तितो विषय हो ।" श्रीमान्श्रीमती एक रथका दुई पांग्रा मानिन्छ । दुवै पांग्रा एकै किसिमका सबल हुन्छन् भन्ने हुँदैन, जीवनलाई पूर्णरुपमा सार्थक बनाउन दुवै पांग्राको भूमिका उत्तिकै महत्त्व रहन्छ र समान गतिमा चल्न सक्नुपर्छ । जब एउटा पांग्रा केही कमजोर बन्छ, रथको गतिमा अवरोध तथा सुस्तता आउँछ । यस्तो अवस्थामा एउटामा भएको कमीलाई अर्को पांग्राले सन्तुलन मिलाउनुपर्छ । सन्तुलन मिलाउने सामर्थ्य जब हुँदैन, रथको अगाडिको यात्रा त्यहीनेर बन्द हुन्छ ।

आर्थिक वर्ष २०७९/८० मा देशभरका जिल्ला, उच्च र सर्वोच्च अदालतहरुमा सरदर ४० हजार मुद्दा दर्ता भएका थिए । यस्ता घटनाक्रमहरुको तीव्रताले विवाह संस्थामा ठूलो धक्का पुगेको छ, जसको प्रभाव समग्र समाजमा प्रत्यक्ष रुपमा पर्ने नै भयो ।

विवाहलाई सामान्य लिनु हुँदैन । धेरै सोचविचार गरेर निर्णयमा पुग्ने विषय हो । विवाहका लागि योग्य व्यक्ति आफूका लागि योग्य हो/होइन भन्ने पक्षहरुमा ध्यान पुर्‍याउनुपर्छ।शिक्षाको स्तर, उमेर, पारिवारिक संरचना, आर्थिक स्तर, धर्म, संस्कार, समुदाय, वर्ग, पेसालगायतका पक्षहरु अनुकूल छन् त ? जानकारी लिनुपर्छ । जीवनमा सबै किसिमका विषय पढ्न सहज छ तर मानवीय विषय पढ्न गाह्रो छ । सम्भव भएसम्म मानिसका व्यवहार, स्वभावजस्ता विषयहरुको जानकारी लिएर मात्र अगाडि बढ्नुपर्छ ।

अरुलाई हेर्दा आफ्नालाई हेर्न बिर्सन हुँदैन । अरुका खोट तथा कमजोरी केलाइरहँदा आफ्ना खोट तथा कमजोरी केके छन् हेर्न सक्नुपर्छ । एकअर्कामा भएका सबल र कमजोर पक्षको विश्लेषण गरी निर्णयमा पुग्नुपर्छ ।

विवाहमा यो नै वा त्यो नै हुनुपर्छ भन्ने मापदण्ड हुँदैन । सबैले खोजेजस्तो र रोजेजस्तो व्यक्ति भेटिन्छ र विवाह गर्ने भन्ने सायद हुँदैन । पर्याप्त मापदण्डहरुमध्ये मुख्य मापदण्ड छन् भने बाँकी सम्झौता गरी अगाडि बढ्नुपर्छ । केही पक्षहरु विवाहअघि सम्झौता गरिन्छ भने विवाहपछि । दुवै पक्षको जति धेरै सम्झौता उति गहिरो प्रेमसम्बन्ध बढ्दै जान्छ । सम्झौता गर्ने क्षमताको विकासले नै विवाह र वैवाहिक जीवन अगाडि बढ्छ । यदि सम्झौता गर्न नसक्ने हो भने करौंको वैवाहिक सम्बन्ध रहँदैन । वैवाहिक जीवनका सफल अनुभवीहरु भन्छन्न् सम्झौताबिनाको वैवाहिक जीवनको सफलता अकल्पनीय मानिन्छ ।

उल्लेखित विषयहरुको अध्ययन विश्लेषण तथा जानकारीबिना हतारमा जब विवाह गरिन्छ तब फुर्सद निकालेर सम्बन्धविच्छेद गर्न अदालत धाउनुपर्ने समय आउँछ । विशेष गरी मागीविवाहको तुलनामा प्रेमविवाहमा सम्बन्धविच्छेदका घटनाक्रमहरु बढी भएको देखिन्छ । व्यक्ति स्वयं र परिवारको सहमतिमा जोडिएको सम्बन्धमा दरार आउनु भनेको सोचको अपरिपक्वता हो । परिपक्व मनस्थितिमा विवाह गरी अनुकूल परिस्थिति बनाई जीवन अगाडि बढाउन सक्नुपर्छ ।

हाम्रो समाज, धर्म, संस्कार, पितृ सत्ताको जगमा अडेको छ । हाम्रा मानसिकताहरुलगायत सबै पक्षहरुले सम्बन्धविच्छेद एउटा सहस्र रुपमा लिँदैन त्यसैले सम्बन्धविच्छेद गर्नुअघि सोच्नुपर्ने पक्षहरु छन् ।

(क) विचार नमिल्ने विषय : नमिलेका विषयहरुको बुझाइ कसको कति छ ? विषयको अध्ययन गर्ने कमीकमजोरी पत्ता लागाउने आत्मानुभूति गर्ने यति गर्दा पनि भएन भने बाटो सफा छँदै छ ।

(ख) वातावरण प्रतिकूल : वातावरण अनुकूल वा प्रतिकूल कस्तो छ हेर्नुपर्छ । शारीरिक सुरक्षामा नै खतरा छ भन्ने विचार पुर्‍याउनुपर्छ । यदि प्रतिकूल वातावरण छैन भने हतारमा निर्णयमा पुग्नु हुँदैन ।

(ग) प्रभावित पक्ष : दुई पक्षबीचको असमझदारीले तेस्रो पक्ष प्रभावित हुनु राम्रो होइन । आजका दिनमा बुबाआमाको सम्बन्ध बिग्रिएर छोराछोरीमा नकारात्मक प्रभाव परेका उदाहरणहरु प्रशस्तै देखिन्छन् । यस्तो कर्म गर्ने छुट बुबाआमालाई हुँदैन ।

(घ) समयको विश्लेषण : भनिन्छ, अघि हेर्नु चार हात, पछि हेर्नु बाह्र हात । भोलिसम्मको यात्रामा सम्बन्धविच्छेदले पार्ने प्रभाव हेर्नुपर्छ । शरीर, सोच, अवस्था सधैं एकैनाश रहँदैन र हुँदैन पनि । दु:ख र कमजोर हुनासाथ प्यारो हुन्छ र लाग्छ पनि । यस्ता विषय सोच्न बिर्सनु हुँदैन ।

(ङ) उचित समय : परिवर्तनले भड्खेहेको अवस्थाभन्दा राम्रो हुने अवस्था त्यति नै बेला आवश्यक हो भने स्वीकार गर्नुपर्छ । यदि भड्खेहेको अवस्थाभन्दा नाजुक अवस्थामा रहने हो भने त्यसको अर्थ हुँदैन । जीवनको यात्रामा हुने जोड□घटाउको हिसाब गरेर उचित समयमा गरिएको निर्णय प्रभावकारी बन्छ । जहाँ हिसाबको नतिजा नकारात्मक नआएको होस् । उचित समयमा गरिएको निर्णयले मात्र सकारात्मक नतिजा दिन सक्छ ।

अपवाद छोडेर विवाह भड्सकेपछि सायद कोही जोडी पनि सम्बन्धविच्छेद चाहँदैन होला । तर विभिन्न कारण र परिस्थितिहरुले यो अवस्थामा ल्याउँछ र सहयात्रा दुंग्याउन बाध्य बन्छ । समय गतिशील छ । व्यक्तिका बारेमा पर्याप्त स्रोत र समय प्रयोग गरी जानेर बुझेर विवाहसम्म पुग्नुपर्छ । विवाहपछि दुवै पक्षले भनेजस्तो सबै पूर्ण हुँदैन ।

जीवनलाई सार्थक बनाउन हदैसम्मको सम्झौता आवश्यक हुन्छ । विवाह एउटा सामाजिक संस्था भएकाले सामाजिक सन्तुलनका लागि पनि जति बढी सम्झौता उति जीवन सहज बन्ने हुँदा सामर्थ्यले भ्याएसम्म सम्बन्ध जोगाएर अगाडि बढ्नुपर्छ । *इकान्तिपुरबाट*

दुप्चेश्वर दर्शन अनि दीव्यानुभूति

○ आरपी गुरागाईं

यात्रास्मरण

चैत महिना स्कुलमा परीक्षा सकिने र रिजल्टको पर्खाईमा विद्यार्थीहरू रहने समय । त्यसो त फागुन चैत महिना भ्रमणको लागि समेत उपयुक्त । वर्षको एक पटक कहीं न कहीं पारिवारिक भ्रमण गर्न रूचाउनेहरूको लागि यो समय उत्तम।

वर्षको एक/दुई पटक पारिवारिक भ्रमण गर्न आफूसमेत श्रीमती, छोरी र छोराको लागि उपयुक्त समय विद्यालय केही साता बिदा हुँदा हुनेगर्छ । स्थान चयनमा मने छोरीछोराहरू भन्दा पनि अभिभावकको निर्णय हुने गर्छ । छोरा अली सानो भएकोले उस्लाई स्थानको बारेमा खासै ज्ञान रहँदैन् । छोरीको लागि भने चासो रहने गर्छ । वर्षमा २/३ पटक हामी केही लामो र केही छोटो पारिवारिक भ्रमण गरिरहन्छौं । यसले तनाव कम गर्छ भने स्फुर्ती समेत बढाउँछन् ।

यो पटकको भ्रमण केही साथीसंगीका परिवार सहित पुर्वी नेपालका पहाडी जिल्लाहरू जाने तयारी भए पनि उपयुक्त समय नभएर रोकियो । त्यही दिन घरमा नुवाकोट जाने योजना बन्यो । नुवाकोट भ्रमणको लागि छनौटमा पर्नुको पछाडी मेरो जन्मस्थान रहेको जिल्ला तथा दुप्चेश्वर महादेव मन्दिर हो । जुन मन्दिर अर्को पशुपति भनेर समेत चिनिन्छ । यो यात्रामा अर्को संयोग समेत जुरेको छ मावली गाउँ । जन्मस्थान रहेको दुप्चेश्वर गाउँपालिकासँगै जोडिएको तादी गाउँपालिकामा पर्छ मावली गाउँ ।

जन्मथलोमा हजुरबुबा काकाहरूसँग भेटघाट हुने, मावलामा मामाहरू, माइजुहरू, दाइहरू, भाउजुहरू तथा भाइ बहिनीहरूसँग भेटघाट हुने र सम्बन्ध नविकरण समेत हुने मेसोमा नुवाकोट रोजाइमा पर्यो । अझ श्रीमती (सरिता दहाल) ले विवाहपछि धेरै पटक रहर गरेको स्थान नुवाकोट जाने इच्छा पुरा हुँदै थियो । उनी करिब १७ वर्षमा पहिलो पटक नुवाकोटको घरपट्टीको पुर्ख्यौली थलो र मावला जादै थिइन् । छोरी छोराहरूको लागि अझ नयाँ पहिलो अनुभव ।

चैत्र २० गते साथीभाइको सल्लाहले अन्यस्थानको यात्रा तय गर्ने अवसर नमिलेपछि २२ चैत २०८१ शुक्रबार रूकाठमाडौं हुँदै नुवाकोट दुप्चेश्वर सम्म जाने र जन्मथलो र मावली गाउँ समेत घुमघाम गर्ने गरी कार्यक्रम तय भयो । १६ वर्षपछी आफू जन्मिएको स्थानमा पुग्दै थिए भने मावला दर्जनौ पटक गएको एक थपिदै थियो । करिब ४ दिनको लागि तय भएको यात्रामा शुक्रबार १ बजे हेटौंडाबाट काठमाडौंसम्म लागि यात्रा तय गर्यौं । काठमाडौंमा बसाइ व्यवस्थापन कसरी गर्ने तय थिएन । तर बाटोमा जादै गर्दा दुप्चेश्वर साहित्य समाजका अध्यक्ष बासुदेव गुरागाईं (काका) लाई सम्झियौं । उहाँ साहित्यमा पिडालु पण्डितले समेत चिनिनुहुन्छ । साहित्य समाजको माध्यमबाट दुप्चेश्वर को प्रचार प्रसारमा समेत लागि रहनु भएको छ ।

उहाँकोमा शुक्रबार पाहुना हुने निधो गर्नुका पछाडी भेटघाटका अलावा दुप्चेश्वरमा पछिल्लो समय भएका गतिविधि बुझ्न र भोली पल्ट बिहाने काकाको घर नजिकैबाट दुप्चेश्वर जाने सवारी साधन पाइनुले पनि हो । भेटमा केही बेर गफियौं र बिहाने ६ बजेको झमी सवारीका ३ सिट बुक गरी सुत्यौं । २३ गते शनिबार बिहान ५ बजे उठेर नित्यकर्मपछि ६ बजे झमीवालले फोन गरेसँगै हामीले नुवाकोटको यात्रा गर्यौं । ३ जना पहिलो पटकको यात्रामा तर म नयाँ बाटोमा पहिलो पटक ।

स्वच्छ नदीनाला हरिया वनजंगल सुन्दर हिमाल र मनोरम पहाडले घेरिएको प्राकृतिक वातावरणकाबिच कलापूर्ण चट्टानी पहरोकाबीचमा विराजमान नुवाकोटको पशुपति वा दोस्रो पशुपति भनेर चिनिने मनोरम धार्मिक पर्यटकीय स्थल दुप्चेश्वर महादेव क्षेत्र । यस्तै देखिएको थियो मेरो दोस्रो पटकको भ्रमणमा । यसले समेत परिवारका सदस्यलाई त्यहाँसम्म पुर्याउने जमर्को गरियो । शनिबार विहान ९:३० बजे हामी दुप्चेश्वर महादेव रहेको पहरोको फेदी रामतीमा तादी नदिको किनारा मै रोकियौं । त्यहाँ केही पुजाका सामग्री लिएर तादी नदी पार गरी गोगनचौर हुँदै उकालो उक्लिदै दुप्चेश्वरको उत्पत्तीका पौराणिक कुरा गर्‍यौ ।

शनिबार बिदाको दिन केही बढी घुइचो हुन्छ भन्नु भएको थियो काकाले काठमाडौंमै । केहीबेर पंतिबद्ध भइ उभिएदें अगाडि बढ्दा मुख्य मन्दिरमा पुगेर दर्शन गर्यौं । सरर् चिसो हावा चल्ने राउचुलीको काख, शिखरबेसीको समीप, कुतुङ खोलाको दोभान, सूर्मयती (तादी) खोलाको तीर, रामावती (रामती) को छिमेकी पहाडको शिर, करेजुङको पाउ, रमाइलो ठाउँ गोगनचौर फाँट । गोगनचौरलाई



काखमा च्यापेर गजधम्म बसेको रसिलो पहाड । त्यसैको नाभीमा विराजमान दुप्चेश्वर दर्शन गर्न लाइन बस्दै देखि केही फोटो खिच्यौं । मन्दिर परिसरबाट रामती बजार नियाल्यौं शिखरबेसी (चामलको लागि प्रख्यात स्थान) हेर्यौं ।

महादेवको शिवलिङ्ग । त्यो पनि भिरको अनकन्टार बिच अक्करमा । भिरमा शिवजीको बासस्थान, त्यसको प्राङ्गणमा अवस्थित गोगनचौर फाँट र तादी खोलाको कलिलो कलकल स्वरमा बग्ने कञ्चन जलप्रवाह, घरभन्दा ठुला ढुङ्गा, सबै क्षेत्र पारिवारिक सदस्यलाई चिनाउँदै फर्किंयौं । तादी तरेर रामतीमा बिहानको भोजन गर्यौं र सल्लाहले म्याङ्दे हुँदै कमेरगाउँ सम्म हिडेर जाने भयौं । यो यात्रा मेरो तेस्रो थियो । दुप्चेश्वरबाट कमेरेगाँउसम्म करिब ५ किमी यात्रा गर्दा बाटोमा फलेका ऐंसेलु खायौ काडालाई घोचाएरै ।

पूर्व तिरको हुँङ हेर्यौं । तादी नदिको तिरै तिर बनेको मोटर बाटोबाट हिड्यौं । केहीबेरको यात्रा पछि पारीपट्टी समुन्द्रटार देखियो जुन बजार जिजुबाजे हजुर बा र बाहरूको बजार थियो । अहिले पक्की घर बनेर आधुनिक बजार बन्दै थियो । तादी तर्न झोलुङ्गे पुल भएको स्थान सँगै पक्की पुल बनेको रहेछ । समुन्द्रटारलाई बायाँ पारेर केही पश्चिम हिडेपछि नौविशे हुँदै म्याङ्लेको पुल तरेर कल्याण मावि पुग्यौ । त्यहाँबाट केही बेर उकालो लागे पछि आउने कमेरेगाउँ पैरे पुग्दा आफ्नो बाल्यकालका केही स्मृतिहरू मानसपटलमा आइरह्यो । काका (माधव बुबाको भाई) को घरमा केहीबेर बसेर गर्मीमा मोही पियौं । काकासँग केही मकवानपुर तिरका केही नुवाकोट तिरका र पारिवारिक गफगाफ गर्यौं र करिब १ घण्टा अलमलियौं ।

आफू जन्मेको स्थान (घर २०७२ सालको भूकम्पले भत्किएको) चिनाउँदै घरै माथिको सिमलको रूख (जुन २०० वर्ष भन्दा अगाडीको भन्ने गर्छन्) देखाउँदै केही माथि बाहुनथोकमा रहनु भएका हजुर बुबा, काकाकाकीहरूसँग भेटघाटको लागि उक्लियौं । यात्रामा ७ वर्षीय छोरा स्वरूप म सँगसँगै हिडिर ह्यो कहीकतै थकाइ समेत लागेको भनेको थाहा भएन । आफ्नो पुर्वजहरूले त्यही उकालो उरालो गरेर जीवन निर्वाह गरेको स्थानमा कहिल्यै उकालो नगरेको छोरो हिडेको देखेर हामी अचम्मित भयौं । छोरी र श्रीमतिलाई भने केही गाह्रो भयो हिडाईमा ।

केहीबेरमा हजुरबुबा (रामप्रसाद) काकाहरू (गोकर्ण र नवराज) बसोबास गरेको स्थान बाहुनथोक पुग्यौं । केही कुरा गरेर फेरी भेट्ने भन्दै छुट्टीयौं करिब दिउँसोको ४ बजे । आफू जन्मिएर केही वर्ष त्यहीको माटोको सुगन्ध लिएको लुटपुटिएर हुर्किएको स्थानमा ३० वर्ष पाइला टेकेको थिए । अरूले पहिलो पटक । गुरागाईंहरूको बाक्लो बस्ति रहेको बालकुमारी गाविस (अहिलेको दुप्चेश्वर गाउँपालिका) मा अहिले दर्जन घर समेत छैनन् । कोही काठमाडौं कोही मकवानपुर कोही चितवन बसाई सरेर उक्त गाउँ छोडेका छन् ।

आफू जन्मिएको स्थानमा एक रात बसेर फर्कनु पर्ने हो तर त्यो दिनको बासको प्रवन्ध तादी गाउँपालिका सातविसेमा चैत २१ गते नै तय भएको थियो, चैते दशैंमा मामा घर बस्ने गरी । हामीले पुर्ख्यौली थलो थातथलोमा करिब ३ घण्टा बिताएर पहिलेका गोरेटो बाटो पहिल्याउँदै ओरालो झर्यौं । बन्न त कच्चीबाटो बनेको छ । तर हामीले गोरेटोबाटो नै रोज्यौं । पुर्वजहरू हिडेको बाटोलाई स्पर्श गर्नु थियो भने अरूलाई यस्तोबाटो र माटोमा रमाएका थिए भन्ने देखाउनु र थोरै भए पनि अनुभूति गराउँनु थियो ।

साँझ ७ बजे सातविसे बजार आइपुग्यौ मामाको घर । तुलोमामा सतारको मैदानमा बस्नुहुन्छ । मामाको छोरा(दाई) भाउजु र छोरा बुहारी सातविसे वरुन थाल्नु भएको ८ वर्ष अघिदेखि हो । कान्छो मामाको परिवारले सतार दाहालथोक छोड्नु भएको करिब १२/१५ वर्ष भयो । काठमाडौं बस्नु हुन्छ । काठमाडौं जाँदा भेट हुन्छ । तर तुलोमामा र उहाँको परिवारसँग १५ वर्षपछि भेट भएको हो । दुप्चेश्वर मन्दिरदेखि बालकुमारीको बाहुनथोकसम्म र बाहुनथोकबाट सातविशेसम्म हिड्दा करिब १०/११ किमी यात्रा तय गरेका थियौं थकाइले गलेका थियौं । दाजु भाउजु र भाईसंग गफिदें आराम गर्यौं खाना पछि सुत्यौ । भोलीको दिन विहानै फेरी उकालो हिडेर मामा माइजुलाई भेट्न जानु छदै थियो ।

२४ चैत आइतबार १५ वर्षपछि तुलोमामाकोमा जानु थियो । बिहान ८ बजे सातविसेबाट घट्टेखोला पार गर्दै दाहाल थोक हुँदै उकालियौं । हिजोको हिडाईले केही थकित भएपनि जानु त छदै थियो । मामाकोमा पुग्दा १०:३० बजेको थियो बिहानको । माइजु मात्रै घरमा भेटिनु भयो । केही बेर गफ गर्दै खानाको तरखरमा माइजु लाग्नु भयो हामीले सहयोग गरौं । खाना पाक्दै गर्दा श्रद्धा (श्राद्ध) को तिथीमा यजमानको जानु भएको मामा आइपुग्नु भयो । हामी खाना पछि करिब दिउँसोको ३ बजे बाह्रविशे तर्फबाट जाने गरी ओरालो लाग्यो । त्यो बाटोमा ध्रुव मामाको घर रहेकोले त्यहाँ पनि परनु पर्ने थियो । मामा सँग भेट हुन सकेन । उहाँ रामती काम विशेषले जानु भएको रहेछ । त्यहाँ करिब १ घण्टा अलमलिएर भोली बिहानै काठमाडौं हिड्नु पर्ने भएकोले छुट्टियौं । २५ गते बिहानै हामी सुमोबाट काठमाडौं आयौं । काठमाडौंमा स्वयम्भु र धरहरा साथै बसन्तपुर दरबारको फन्को लगाएर घुमघामको विट मार्यौं । भोली पल्ट बिहानै हेटौंडा आयौं ।

३३ वर्ष अघिको दुप्चेश्वर यात्रा

पहिलो पटक २०४९ सालमा आमासहितका केही आफन्तको साथ लागेर माँसिर महिनामा दुप्चेश्वरमा लाग्ने जात्रा समेत हेर्न भ्याउने गरी जन्मस्थान र मावला गएका थियौं । उतीबेला हेटौंडाबाट साझा बस बाइरोड (त्रिभुवन राजपथ जुन मैसे सिममन्ज्याङ्ग दामन पालुङ हुदै काठमाडौं जोडिन्छ) बाट काठमाडौं जाने आउने गर्थ्यौं । त्यही बसमा उभिएर कहिले आमासँगै बसेर यात्रा गरेको ताजै छ । बाइरोडको बाटो घुम्ती धेरै बसको यात्रामा समेत वमिट गरेको थिए (त्यस पछि जुनसुकै गाडीको यात्रामा वमिट गरेको छैन) ।

एक दिनमा काठमाडौं पुगेर बुबाको काकाको घरमा बास बसेर भोलीपल्ट बिहाने बालाजुबाट नुवाकोट त्रिशुली जाने बसमा रानीपौवासम्म गएको र त्यहाँबाट पैदल थानसिङफाँट हुदै कविलास पुगेर बास बसेको याद छ । त्यसपछीको दिन पूर्णिमा बिहानै कविलासबाट खरानीटारको फेदीको बाटो दुप्चेश्वर पुगेका थियौं । मेला लाग्ने दिन भएकोले पसलहरूको लागि अस्थायी ठहरा बन्दै थियो । विभिन्न झाँकीहरू आउने क्रम थियो । उखुको लाङ्ग बाटोभरी बेच्न राखेको भेटिन्थ्यो । *बाँकी पेज ४ मा*

दुप्चेश्वर दर्शन...

३ पेजको बाँकी

गित गाउनेहरूको ठोली छुट्टै थिए । गोगनचौर सिंगारिए झैं लागेको थियो । केटाकेटी बेला आँखाले देखेको रमाइलो मात्रै रमाइलो मान्ने बेला थियो त्यो अन्य कुराको भेउ पाउदैन थिए ।

मन्दिर दर्शन पछि केहीबेर त्यही बसेर रमाइलो हेर्यौं । उखुका लाङ्रा किन्नु भयो आमाहरूले । मलाई उखु खान मात्रै होला भन्ने लागेको त । त्यही उखु ढेक्दै हिड्न सजिलो समेत हुने रहेछ । हिडेर फर्किदै कतै बस्दै त्यही उखु खादै कमेरेगाउँ आमाको दिदि भिनाजुकोमा बास बस्ने गरी आयौं । थकाइले लखतरान म दोहोरो नाता पर्ने (बुबा पट्टीबाट हजुर बुबा हजुरआमा, आमा पट्टीबाट तुलीआमा तुलोबुबा) गुर गाईको घरमा बेलुकाको दुख र भात खादाखादै निदाए । उतीबेला त्यस वरिपरीका परिवेशको खासै मेसो पाइन ।

३१ वर्ष अघिको यात्रा

२०६० सालको पुष महिना । आमाको साथ लागेर फेरी मावला जानुपर्ने भयो । उती बेला काठमाडौं बसिन्थ्यो पढाइको सिलसिलामा । परीक्षा आउनु केही समय अघी गयो परीक्षा सकिए पछि फर्किने गरी बसाई काठमाडौं थियो । काकाको छोरा गणेश पनि काठमाडौं बसेर पढ्दै थियो । जाडो महिनामा कलेज बिदा परेको बेला थियो । आमा हेटौंडाबाट काठमाडौंसम्म आउनु भयो । गणेशलाई हिड् जाउँ भनेको हुन्छ भने पछि हामीले काठमाडौं बट्टार गगदे चौघडा हुँदै आप्रसम्मको बसको यात्रा तय गरेका थियौं । त्यहाँबाट मावली गाउँ आउन पैदल करिब १ घण्टा लाग्ने । म आमालाई मावलामै छोडेर गणेशसँग कमेरे गाउँ गए । मैले जन्मभूमि छोडे पछि थाहा भए अनुसार दोस्रो बास थियो त्यहाँ ।

काकाकाकीले झण्डै नचिन्नु भएको । गणेशसँग भोलीपल्ट दुप्चेश्वर जाने सल्लाह भयो । काकालाई तादीको माछा पाइन्छ भने त्याउनु न भन्यौ । बुबाले बेला बेला भन्नु हुन्थ्यो तादीको चिसो पानीमा भएको माछा खुब पान्छन्।बिहानै हामी दुई दाजु भाई म्याङ्लेको झोलुङ्गे पुर तरेर समुन्द्रटारलाई दायाँ पार्दै रामती हुँदै दुप्चेश्वर पुगेका थियौं । द्वन्द्वकालमा खासै चहलपहल थिएन त्यहाँ । हामीले मन्दिर क्षेत्रमा कसैलाई भेटेनौ पुजारी बाहेर । त्यो बेला *सबै केटी राम्रा हुँदैनन् राम्रा जती हाम्रा हुदैनन्...* । गीत युवा माझ अली बढी चल्तीमा थियो । भाईले त्यही गीतलाई अली रिमिक्स पाराले गायो । म हाँसे । १०/१५ मिनेट जति मन्दिर क्षेत्रमा बिताए पछि भाईले हुङ हुदैं फर्किने कुरा गर्यो । उसको मावली गाउँ हुङ । मेरो ठुली आमाको घर पनि । हिड्नेको कुरा मिलेपछि भेटघाट हुने र बिहानको खाना उतै खाने योजना बनाएर तादी र रामतीलाई दायाँ पारेर भिरको बाटो हिड्यौ केही बेर । बाटोमा भेटिएका घरहरूमा बस्दै कुरा गर्दै गाउँमा मोही पाइए खादैं जाने भाईको योजनाले काम गर्दैन की लागि रहेको थियो । द्वन्द्वकालमा मानिसहरू नौलो मानिस देखे पछि कि बोल्दैन थिए की थोरै बोलेर पन्छिन खोज्थे । हिड्दै जादाँ एउटा घरमा पुगेर कुरा सुरू गरेको कमेरे गाउँको गुरागाई भनेपछि सोधीखोजी सुरू भयो । बुबाहरूलाई चिन्नु हुदो रहेछ । केही बेर कुरा गरौ । पानीको सट्टा मोही भए दिनुस भन्यौ । १/१ गिलास मोही खाएर विदा भयौ त्यहाँबाट । केही समय भाइको मावला घर मेरो ठुलोआमा ठुलोबुबाको घर आइपुग्यो । दुवै घर तल माथि छ । खानाको प्रवन्ध मामा घरमा भयो ।

हुङबाट समुन्द्रटार हुँदै कमेरेगाउँ पुग्यौ । काकाकोमा पुग्दा साम्झैं परिसकेको थियो । काकाले माछा ल्याउनु भएछ तादी खोलाको । थाकेका थियौं । बेलुकाको खाना खाए पछि सुत्यौं । भोलीपल्ट गाउँ घुम्ने योजना थियो । त्यसै गर्यौं । बाहुनथोकसम्म पुगेर इष्टमित्र भेटघाट गर्यौं । बेलुका फर्किदा पैरेमा माओवादीको त्यस क्षेत्र हेर्ने इन्चार्ज (समुन्द्र भने उनले चिनाउँदा पछि सेनासँग जम्काभेट हुँदा तादीमा हाम फाले भन्ने सुनिएको) भेटियो । उनैले सेना सातबिसेबाट माथि आउँदै गरेको जानकारी दिए । माघे संक्रान्तीको दिन मामा घर पुग्ने योजना थियो । भोली उता लाग्नु पर्ने । कतै डर लाग्दै थियो नौलो स्थान सेनाको फेस गर्नु पर्यो भने के गर्नु कसरी गर्नु । जे त होस जानु छदै थियो । भोली पल्ट खाना खाएर दिउँसो काकाको घरबाट गणेशलाई समेत लिएर निस्किए सातविशे तर्फ केही सेनाका एक टोलीसँग जम्मका भेट भयो स्थानीय पाण्डे थर (उनको नाम अहिले याद छैन तर बुबाहरूको साथी) का मानिससँगै । सेनाका सुरूका सिपाहीले घर कहाँ कता हिडेको लगायतका केही कुरा सोधे भएको कुरा भनिदिए । आइडी कार्ड नागरिकता देखाइदिए । ती पाण्डेले समेत थप पुष्टयाइ दिए । ती मध्येका एक जना गणेशको साथी रहेछन् कलेज सँगै पढेका । त्यसपछि केरकार गरेनन् र सहजै रूपमा मामा घर पुगे ।

दुप्चेश्वर महादेवस्थानको उत्पत्तीका किंवदन्ती

हिन्दु धर्मावलम्बीहरूले समय समयमा देवताहरूले मानव जीवनलाई संरक्षण र परिपालन गर्न विभिन्न स्थानमा स्वयं प्रकट हुने गरेको विश्वास गर्छन् । देवी देवताहरू विभिन्न स्थान विशेषमा प्रकट भएको किंवदन्तीहरू सुन्न पाइन्छ सुन्दै आएका छौं । दुप्चेश्वर महादेवको उत्पत्ति सम्बन्धी किंवदन्ती रोचक लाग्छ । दुप्चेश्वर महादेव भिरको पहरोमा अवस्थित छ । उहिले उक्त स्थानमा दर्शनको लागि लहरा र बुटाहरूको सहारा लिदै जानु पर्थ्यो ।भिरको तल समथर फाँठ, सूर्यमती नदी र अन्यत्र घना जङ्गल थियो ।

त्यहाँका मानिसहरू पशुपालनबाट आफ्नो जीवन निर्वाह गर्दथे । एक दिन एक जना गोठालाको गाई हरायो । सबै गोठाला मिली चारैतर्फ गाईको खोजी गरियो तर गाई भेटिएन् । गोठालाहरूले जति खोज्दा पनि गाई नभेट्टाए पछि निराश भए । एक रात एक गोठालालाई सपनामा जोगीको भेषमा कोही आई गाई अन्यत्र गएको छैन यतै कतै खोजी गर भनी अलप भएछन् । बिउँझेपछि बिहानै सबै गोठालाहरू जम्मा भई जोगीको सल्लाह अनुसार गाई खोजी गर्न जुटेछन् । यत्तिकैमा एउटा गोठालाले पहरोतर्फ हेर्दा गाईको आकार देखेछन् । अरू गोठालाहरूले त्यहाँ हेर्दा देखिएको आकार गाईकै जस्तो भएको कुरा स्वीकारे गरेछन् । तर त्यस्तो पहरोमा गाई जान सक्ने कुरा कसैले कल्पना गर्ने सक्दैनथ्यो ।

त्यसैले त्यस्ता कुरामा उनीहरूलाई विश्वास नभए पनि उनीहरूमध्ये एक जनाले त्यहाँ गएर रहस्य पत्ता लगाउने उत्सुकता जाग्यो । उसले साथीहरूलाई आफू त्यहाँ गएर के हो पत्ता लगाउने कुरा गर्यो । घाँस र लहराहरू समाउँदै त्यहाँ पुग्दा गाई थिइनन् । गोबरको थुप्रो र त्यहाँको शिलामा प्रशस्त दूध पोखिएको मात्र देख्यो । यस्तो दृश्य देखेपछि अचम्म मान्दै उ फर्केर आयो । अचम्म । हराएको गाई त आफै गोठमा आई बाच्छीलाई दूध चुसाइरहेकी र गाई बाँधिएको अवस्थामा देखे । त्यस समयदेखि त्यस शिलालाई दुग्धेश्वर महादेव मानी पूजा गर्ने प्रचलन सुरु भयो । दुग्धेश्वर महादेव अप्रभ्रंश भई दुप्चेश्वर महादेवको नामले चिनिन थालेको हो ।

यस सम्बन्धमा केही फरक/फरक किंवदन्ती पनि रहेका छ । गाई गोठालाहरू फाँटमा गाईलाई चराउन छोडी त्यहाँको प्रसिद्ध तादी (सूयमती) नदीको किनारमा पौडी खेल्ने गर्दथे र बेला/बेलामा फाँटमा चरिरहेका गाईहरुको देखभाल गर्दथे । सोही क्रममा मध्याह्न समयमा सँधै कैली गाईको बाच्छी आई उनीहरू तर्फ दृष्टि दिद उवाँ उवाँ गर्दथिन् । गोठालाहरू त्यसलाई बेवास्ता गर्दै आआफ्ना खेलमा मस्त हुन्थे । सो क्रम केही दिन चलेपछि त्यस बाच्छीको गोठालाले त्यसको रहस्य पत्ता लगाउने विचार गरी बाच्छीलाई मायाले सुमसुम्याउँदै हुलतर्फ जाँदा त्यस बाच्छीको माउ त्यहाँ देखिएन् ।

गोठालाले सबै गाई बाच्छी गणना गर्थ्यो तर कैली गाई त्यहाँ देख्दैनथ्यो । त्यसपछि साथीहरूलाई यो कुरा सुनाउन जान्थ्यो । साथीहरू उसको कुरा सुनेर खेल्न छाडी फर्की आई हेर्दा गाई त्यही हुलसँग आफ्नो बाच्छीलाई मायाले चाट्दै गरेको देख्दथे । २/४ दिन नै यो क्रम चलेपछि साथीभाइले उसलाई खिस्याउँदै गिल्ली गर्न थाले । साथीहरुको यस्तो व्यवहारले उसमा ग्लानी भाव उत्पन्न भयो । एक दिन उसले साथीभाइसँग खेल्न नगई गाईको चियोचर्चो गर्ने विचार गर्यो र सम्पूर्ण ध्यान त्यही कैली गाईमा केन्द्रित गऱ्यो । अचम्म के पायो भने कैली गाई हावाको वेगमा कुदेर भिरको पहरो हुँदै माथितिर लागिन् । ऊ पनि लहरो समाउँदै बिस्तारै गाईको पछि लाग्यो । बल्लतल्ल ऊ गाई भएनेर पुग्दा त गाईको थुनबाट तरर दुग्ध धारा एउटा शिलामा बगिरहेको देख्यो । उसले गाईलाई आफ्नो उपस्थिति देखाएन । तर केही समयपछि ती कैली गाई त्यसै गरी सहज रुपमा तल ओर्लिएर आफ्नो हुलमा मिसिइन् । गोठालोले यी सबै कुराको बेलीविस्तार आफना गोठाला साथीभाइ र गाउँका बुढापाकाहरूसँग गर्यो । बूढापाकाहरूले यसको सत्यताको परीक्षण गरी उक्त शिलालाई दुग्धेश्वर महादेवको रुपमा पूजा गर्न थाले । उही दुग्धेश्वर महादेव नै पछि अपभ्रंश भई दुप्चेश्वर महादेवको रुपमा रहेको छ ।

दुप्चेश्वर महादेवसँग सम्बन्धित विभिन्न आस्था र विश्वास पर पूर्वकालदेखि नै चल्दै आएको छ । महादेवलाई रुद्राभिषेकसहित दैनिक पूजा गर्ने गरिन्छ भने विशेष समयमा हिन्दु र बौद्ध धर्मालम्वीहरुले विशेष पूजा अर्चना गर्दछन् । विशेषत: यी आस्था र विश्वास प्रमाणित गर्ने महत्वपूर्ण दिन मार्गशीर्ष शुक्लपक्षको चर्तुदशी र पूर्णिमा हुन् । उक्त समयमा ब्राह्मण, क्षेत्री, शेर्पा, तामाङ्ग, राई, गुरुङ, मगरलगायत दलित जातजातिले विशेष जात्रा गर्ने हुँदा सबै जाति जनजातिहरूको सम्मिश्रण र एकता भाव जात्रामा देख्न सकिन्छ । धेरै मानिसहरू चिताएको कुरा पूरा गरिदिने देवताको रुपमा दुप्चेश्वर महादेवस्थान पुजा गर्न जाने गर्छन् भनिन्छ । जागिरमा पदोन्नति हुन, शिक्षामा सफलता प्राप्त गर्न, प्रेमलाई विवाहमा परिणत गर्न, विदेश यात्राको चाहना पूरा गर्न र हर कुरामा सम्पन्नता प्राप्त गर्न लगायतका भाकल गर्ने जनसमुदाय हजारौं भेटिन्छन् । सन्तानको चाहना पूरा नभएकाहरुलाई महादेवले सन्तान दिलाइदिने कुरामा प्राय: सबैले विश्वास गर्ने गरेको बुढापाकाहरू बताउँछन् । त्यसैले दुप्चेश्वरलाई सन्तानेश्वर महादेवको रुपमा समेत लिने गरेको पाइन्छ ।

महादेव ग्रहहरूका पनि मालिक भएकाले ग्रहदशा बिग्रिएकाहरू आफ्नो ग्रहदशा सपारी अनुकूल बनाउन यहाँ पूजाआजा, रुद्रि, होम गर्न आएका पनि प्रशस्त भेटिन्छन् । त्यसैले यी महादेव सामाजिक व्यवहार सुधारक, दु:ख दर्द विनासक र ग्रहदशा निवारकको भूमिकामा पनि उत्तिकै अगाडि उभिएका छन् भन्दा कुनै अत्युक्ति हुने छैन । पछिल्लो समय दुप्चेश्वर महादेवलाई धार्मिक आस्थाको आधारमा मान, सम्मान गर्नेहरुको जमात बढ्दै गएको छ ।

दुप्चेश्वर महादेव मन्दिर नुवाकोट जिल्लाको दुप्चेश्वर गाउँपालिकामा अवस्थित धार्मिक पर्यटकीय स्थल हो । सदरमुकाम विदुरदेखि पूर्वमा रहेको तत्कालिन राउतवेंशी गाविसको दुप्चेश्वर महादेवलाई हिन्दू र वौद्ध धर्मालम्बीहरूले दोस्रो पशुपतिनाथको रूपमा पुकार्दै आएका छन् । हरेक वर्षको पुस महिनामा धान्यपूर्णिमाका अवसरमा साताव्यापी विषेश मेला, शिवरात्री, साउन महिना तथा हरेक सोमबार दुप्चेश्वर मन्दिरमा मेला लाग्ने गरेको दुप्चेश्वर संरक्षण समितिका पदाधिकारी बताउँछन् । हरेका शनिबार दुप्चेश्वरको दर्शन गर्न अन्य जिल्लाका मानिसको घिड लाग्ने गरेको छ । धान्यपूर्णिमादेखि एकसाता लाग्ने मेलालाई परम्परादेखि चल्दै आएको मेला नेपालकै सन्दर्भमा भने अलि अनोठो र फरक हुने गरेको समितिले जनाएको छ । ।

दुप्चेश्वर गाँउपालिका पर्यटकीय स्थलको रूपमा प्रख्यात रहेको

विदुरदेखि करिब ३५/३६ कि.मि. उत्तर पूर्वी कोणमा रहेको तथा काठमाडौंबाट उत्तर रहेको धार्मिक स्थल जो कोहीका लागि पर्खिरहेको छ ।

छ । गोसाइकुन्ड जाने पदमार्ग यहि गाउँपालिकामा पर्दछ । मन्दिरमा गल्छी त्रिशुली सडकखण्ड अन्तर्गत पर्ने गङ्गटेबाट ढिकुरे, खरानीटार, सातविसे, रामती हुँदै पुग्न सकिन्छ । यसबाहेक काठमाडौंबाट ढोखा छहरे, चौघडा, खरानीटार सातविसे, रामती हुँदै पुग्न सकिन्छ । रामतीबाट मन्दिरमा जानको लागि झोलुङ्गे पुल निर्माण गरिएको छ । काठमाडौंदेखि शिखरबेसीसम्म बस सुमोलगायतको सवारी साधन सञ्चालन हुने गरेको छ ।

दुप्चेश्वर महादेवको उत्पत्तिसँग सम्बन्धित थप किंवदन्ती

"केही व्यक्तिहरु यी महादेवलाई गोपालेश्वर महादेव पनि भन्न रुचाउँछन् । यस्तो मत राख्नेहरु द्वापर युगका श्रीकृष्ण भगवान्सँग यसको प्रसङ्ग जोडेर सुनिआएको किंवदन्ती सुनाउँछन् । यस्तो किंवदन्ती सुनाउनेहरू द्वापर युगमा श्रीकृष्ण भगवान् नुवाकोटका रमणीय हिमाली क्षेत्रमा भ्रमणका लागि आउनु भयो । भ्रमणका क्रममा श्रीकृष्णजी अहिले यिनै दुप्चेश्वर महादेवको शिला भएको रमणीय पहरामा पुग्नु भयो । यस पहराले भगवान्को मन निकै आकर्षित गयो । यस्तो र मणीय स्थानमा शिवलिङ्ग स्थापना गर्न पाए कति राम्रो हुन्थ्यो भन्ने भावना भगवान् श्रीकृष्णमा जागृत भयो । अनि, त्यस क्षेत्रको भ्रमणबाट फर्कनुअघि श्रीकृष्ण भगवान्ले त्यहाँ शिवलिङ्ग स्थापना गर्नु भयो । श्रीकृष्ण भगवान्ले स्थापना गरेको यही शिवलिङ्ग नै अहिले सबैले विश्वासका साथ पुजिआएका दुप्चेश्वर महादेव हुन् । द्वापरयुगी गोपालवंशीय श्रीकृष्ण भगवान्ले स्थापना गरेको हुनाले यिनलाई गोपालेश्वर महादेव पनि भनिएको हो । साभार:नुवाकोटका पशुपति दुप्चेश्वर महादेव, २०७३, वासुदेव गुरागाई, पृष्ठ ३७)

अहिले दुप्चेश्वर वरपर होटल लजहरू खुलेका छन् । काठमाडौंबाट एक दिनमै पुगेर फर्किन सकिने भएको छ । बागमतीका काठमाडौं उपत्यका बाहेकका जिल्लाबाट जादाँ एक रात बिश्राम लिदाँ उत्तम हुन्छ । सडक सञ्जालले जोडिएको छ । मन्दिरको फेदीबाट मात्रै हिड्नु पर्छ । पुजा सामग्रीका पसल पाइन्छ । खाना खाजाका लागि पसल छन् । सोमबार र शनिबार जात्रै जस्तो लाग्छ । सधैं रमाइलो वातावरण हुन्छ । तर सधैं उस्तै लाग्छ सरर चिसो हावा चल्ने र उचुलीको काख, शिखरबेसीको समीप, कुतुङ खोलाको दोभान, सूर्मयती (तादी) खोलाको तीर, रामावती (रामती) को छिमेकी पहाडको शिर , करेजुङको पाउ, रमाइलो ठाउँ गोगनचौर फाँट । गोगनचौरलाई काखमा च्यापेर गजधम्म बसेको रसिलो पहाड । त्यसैको नाभीमा विर जमान दुप्चेश्वर महादेवको शिवलिङ्ग । त्यो पनि भिरको अनकन्टार बिच अक्करमा । भिरमा शिवजीको बासस्थान, त्यसको प्राङ्गणमा अवस्थित गोगनचौर फाँट र तादी खोलाको कलिलो कलकल स्वरमा बग्ने कञ्चन जलप्रवाह, घरमन्दा ठुला ढुङ्गा यस्तो प्राकृतिक अद्भूत छटा । दृश्यावलोकनको लागि नुवाकोट जिल्लाको सदरमुकाम विदुर देखि करिब ३५/३६ कि.मि. उत्तरपूर्वी (इशान) कोणमा रहेको तथा काठमाडौंबाट उत्तर रहेको धार्मिक स्थल जो कोहीका लागि पर्खिरहेको छ ।

सहीखबर

समाचार/विविध

www.saheekhabar.com

२०८२ वैशाख ४ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०

हातमा पुर्जा मुहारमा....

पेज १ को बाँकी



मात्रै पनि ३२ हजार ६ सय ९४ वटा फर्म भरिएको छ । जसमा ३७ भूमिहिन दलित, २८९ भूमिहिन सुकुम्बासी, ५ हजार ७ सय ५ अत्यवस्थित बसोबासी छन् । यो थपिँदै आएको छ । यसरी बढीरहनु राम्रो पनि हैन, सधै फर्म भर्न

पाइन्छ भन्ने मान्यताको अन्त्य गर्नु जरूरी छ । यसैले पनि एक पटक सदाको लागि अन्तिम हुने गरी फर्म खुलाउनेछौं, र त्यो नै अन्तिम हुनेछ ।

पुर्जा वितरणलाई सहज बनाउन पालिकाका प्रतिनिधिहरूले, जिल्लाको भूमि सम्बन्धि आयोगले केही कुरामा ध्यान केन्द्रीत गर्नु जरूरी छ ।

राजनीतिक दलको नेता तथा माननीय ज्यूहरूले पनि ध्यान दिनु पर्छ, कतिपय अवस्थामा प्रतिनिधि तथा माननीय ज्यूहरूको बुझाइमा प्रस्टता नहुँदा आफैंले, बोलेको कुराले पनि सर्वसाधारण भ्रमित हुने गरेका पाइयो । यसले समस्या ल्याउँछ र आयोगलाइ काम गर्न अफ्ठ्यारो हुने गरेको छ । मुख्य आधार मनेको स्थानीय तह हो ।

भूमि सम्बन्धि समस्यामा स्थानीय तहको वडा र पालिकाले प्रमाणीत गरेपछि त्यो नै अन्तिम प्रमाणित हो । ऐनले व्यवस्था गरेको छ की सरकारी, ऐलान, प्रति सरकारी जग्गा अहिलेको आयोगले खुलेर वितरण गर्न पाउँछ ।

१० वर्ष बसेको आधिकारीक प्रमाण भए पालिका वा वडाले प्रमाणित गर्न सक्छ, यसको लागि त्यहाँ बसेको, जन्मेको, पानी, बिजुली, घर केही न केहीको कर बुझाएको कुनै एक प्रमाण भए पुग्छ ।"

मन्त्री बलराम अधिकारी सँगको कुराकानीमा आधारित ।

नयाँ वर्ष २०८२ को
हार्दिक मंगलमय
शुभकामना

नयाँ वर्ष २०८२ को पावन अवसरमा मानव अधिकार रक्षार्थ हामीसँग सहकार्य गर्नुहुने, सुझाव,साथ दिनुहुने शुभचिन्तकहरूलगातय देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

माया तामाङ प्रमुख एवम्
माइती नेपाल मकवानपुर परिवार

नयाँ वर्ष २०८२ को
हार्दिक मंगलमय
शुभकामना

नयाँ वर्ष २०८२ को पावन अवसरमा मानव अधिकार रक्षार्थ हामीसँग सहकार्य गर्नुहुने, सुझाव,साथ दिनुहुने शुभचिन्तकहरूलगातय देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

सुनिरा लामा प्रमुख एवम्
कोशिश मकवानपुर परिवार

नयाँ वर्ष २०८२ को
हार्दिक मंगलमय
शुभकामना

नयाँ वर्ष २०८२ को पावन अवसरमा मानव अधिकार रक्षार्थ हामीसँग सहकार्य गर्नुहुने, सुझाव,साथ दिनुहुने शुभचिन्तकहरूलगातय देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

कुमारी वाइबा प्रमुख एवम्
हिमराइज्दस मकवानपुर परिवार

नयाँ वर्ष २०८२ को
हार्दिक मंगलमय
शुभकामना

नयाँ वर्ष २०८२ को पावन अवसरमा हाम्रा सेवाग्राही, उपभोक्ताहरू शुभचिन्तकहरूलगातय देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरूलाइ हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

अध्यक्ष देवकुमार श्रेष्ठ
सामुदायिक सेवा केन्द्र तथा
सामुदायिक प्रहरी सेवा केन्द्र
हेटौंडा ११ मकवानपुर

नयाँ वर्ष २०८२ को
हार्दिक मंगलमय
शुभकामना

नयाँ वर्ष २०८२ को पावन अवसरमा यस विद्यालयका आदरणीय अभिभावकज्यूहरू, सञ्चालक समितिका पदाधिकारी तथा सदस्यज्यूहरू शिक्षकवर्गज्यूहरू, कर्मचारी तथा विद्यार्थीहरूमा सुख शान्ति समृद्धी तथा उत्तरोत्तर प्रगतीको शुभकामना ।



प्रबोध विडारी, प्र.अ तथा
निर्मल मावि
परिवार हेटौंडा १९

नयाँ वर्ष २०८२ को
हार्दिक मंगलमय
शुभकामना

नयाँ वर्ष २०८२ को पावन अवसरमा हाम्रा सम्पूर्ण संस्थापक, प्याब्सननीष्ट मित्रहरु, प्रिन्सिपल, अभिभावक, शिक्षक / शिक्षिका, विद्यार्थी, शुभ चिन्तकह तथा आम नेपाली जनसमूदायमा नयाँ उत्साह, उमंग, सम्भावना,सुख, शान्ति, सुस्वास्थ्य, दिर्घायू तथा उत्तरोतर प्रगतीको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

नयाँ वर्ष २०८२को शुभकामना

प्याब्सन मकवापुर

बिष्णुहरि सुवेदी
सचिव

राजकुमार नहर्की
वरिष्ठ उपाध्यक्ष

विनोद सुवेदी
अध्यक्ष

नयाँ वर्ष २०८२ को
हार्दिक मंगलमय
शुभकामना

नयाँ वर्ष २०८२ को पावन अवसरमा यस विद्यालयका आदरणीय अभिभावकज्यूहरू, सञ्चालक समितिका पदाधिकारी तथा सदस्यज्यूहरू शिक्षकवर्गज्यूहरू, कर्मचारी तथा विद्यार्थीहरूमा सुख शान्ति समृद्धी तथा उत्तरोत्तर प्रगतीको शुभकामना ।

विनोद सुवेदी प्र.अ तथा
बाल जागृती इ.बोर्डिङ स्कुल
परिवार हेटौंडा २

नयाँ वर्ष २०८२ को पावन अवसरमा हार्दिक शुभकामना



दीपक प्रसाद देवकोटा
प्रदेश प्रमुख
बागमती प्रदेश

नयाँ वर्ष भित्तेपात्रो फेरिने विषयमा मात्र सीमित नरही आम नेपालीको जीवनस्तर सुदृढ हुने गरी नेपालीको ओठमा मुस्कान लिएर आओस्,
विगतका कमीकमजोरीलाई अन्तिम कमीकमजोरी ठानेर आ-आफ्नो क्षेत्रबाट समृद्ध देश निर्माणमा अघि बढ्न सबैलाई वि.सं. २०८२ ले मार्गदर्शन गरोस्
सबैमा नयाँ वर्ष २०८२ को शुभकामना !

अस्पतालको वोर्ड मेटाउने कार्यमा प्रयोग गरिएको जीप र चालक नियन्त्रणमा

○सहीखबर संवाददाता

मकवानपुर । हेटौंडा अस्पतालको बोर्ड मेटाउने क्रममा प्रयोग भएको जीप र जीप चालकलाई मकवानपुर प्रहरीले नियन्त्रणमा लिएको छ ।

हेटौंडा अस्पतालको बोर्ड मेटाउने क्रममा प्रयोग भएको ना १ ज ७१२६ नम्बरको जीप र जीप चालक मनहरी ३ का सन्देश म्लोनलाई प्रहरीले मंगलबार नियन्त्रणमा लिएको हो ।

हेटौंडा अस्पतालको बोर्ड मेटाउने क्रममा भ्याङ ढुवानी गर्न, हेटौंडा अस्पतालको बोर्डभन्दा तल्लो भागमा रहेको मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको नामलाई छोपेर हेटौंडा अस्पतालको व्यानर राख्ने काममा जिपलाई प्रयोग गरिएको थियो ।

प्रहरीले जीपलाई प्रहरी कार्यालयमै राखेर चालकलाई भने आवश्यक पर्दा हाजिर हुने गरी छाडिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायव उपरीक्षक श्यामु अर्यालले जानकारी दिए ।

अस्पतालको बोर्ड मेटाउनेहरूलाई भने प्रहरीले खोजी गरिरहेको जनाएको छ ।

घटना दर्ता सम्बन्धी सूचना

- व्यक्तिगत घटना दर्ता भनेको प्रत्येक व्यक्तिको जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद तथा बसाई सराई जस्ता घटनाहरूको औपचारिक रूपमा दर्ता गरिने कार्य हो ।
- यस्ता घटना दर्ता गर्नु / गराउनु प्रत्येक व्यक्तिको कर्तव्य हो भने जन्म दर्ता बालबालिकाको मौलिक अधिकार हो ।
- यो व्यक्ति पहिचानको पहिलो आधार हो, नेपाल सरकारले अनिवार्य गरेको छ ।
- यस्ता घटना घटेको ३५ दिनभित्र नि: शूल्क रूपमा दर्ता गर्न सकिन्छ ।
- राज्यको कुल जनसंख्याको अद्यावधिक विवरण सहितको तथ्याङ्कको जानकारी सही रूपमा प्राप्त गर्न सकिन्छ ।
- व्यक्तिगत घटना व्यक्तिको स्थायी ठेगाना रहेको स्थानीय पञ्जीकाधिकारीको कार्यालय (वडा कार्यालय) मा र घटना घटेको स्थानको स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा ३५ दिनभित्र नि:शूल्क र त्यसपछि तोकिए बमोजिम बिलम्ब तिरी दर्ता गराउन सकिन्छ ।

घटना भएको ३५ दिन भित्र सम्बन्धित वडामा घटना दर्ताको गर्नको लागि सबैलाई अनुरोध छ ।

मनहरी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय मनहरी

घटना दर्ता सम्बन्धी सूचना

- व्यक्तिगत घटना दर्ता भनेको प्रत्येक व्यक्तिको जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद तथा बसाई सराई जस्ता घटनाहरूको औपचारिक रूपमा दर्ता गरिने कार्य हो ।
- यस्ता घटना दर्ता गर्नु / गराउनु प्रत्येक व्यक्तिको कर्तव्य हो भने जन्म दर्ता बालबालिकाको मौलिक अधिकार हो ।
- यो व्यक्ति पहिचानको पहिलो आधार हो, नेपाल सरकारले अनिवार्य गरेको छ ।
- यस्ता घटना घटेको ३५ दिनभित्र नि: शूल्क रूपमा दर्ता गर्न सकिन्छ ।
- राज्यको कुल जनसंख्याको अद्यावधिक विवरण सहितको तथ्याङ्कको जानकारी सही रूपमा प्राप्त गर्न सकिन्छ ।
- व्यक्तिगत घटना व्यक्तिको स्थायी ठेगाना रहेको स्थानीय पञ्जीकाधिकारीको कार्यालय (वडा कार्यालय) मा र घटना घटेको स्थानको स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा ३५ दिनभित्र नि:शूल्क र त्यसपछि तोकिए बमोजिम बिलम्ब तिरी दर्ता गराउन सकिन्छ ।

यस वडाबासी सबैलाई घटना भएको ३५ दिन भित्र वडामा दर्ताको लागि अनुरोध छ ।

७ नम्बर वडा कार्यालय
हेटौंडा उपमहानगरपालिका

पानीको स्रोत संरक्षण गर्न

- ☞ डढेलोबाट वन जोगाऔं,
- ☞ सिमसार क्षेत्रको संरक्षण गरौं ।
- ☞ घर/भवन निर्माण गर्दा खुल्ला क्षेत्रको पयाप्त व्यस्थापन गरौ, पानीको स्रोत रिचार्ज हुने वातावरण सिर्जना गरौं ।
- ☞ अनावश्यक रुपमा पानी खेला नफालौं ।
- ☞ पानीको पाइपहरु फुटेर पानी खेर गइरहेको देखेका त्यसको उचित बन्दोबस्त गरौं/सम्बन्धित निकायमा खबर गरौं ।

पानीको स्रोत संरक्षणको लागि हातेमालो गर्न स्थानीय तह, सरकारी तथा गैह्रसरकारी निकाय, जलाधार संरक्षण समूह, संघसंस्था सबैप्रति हेटौंडा खानेपानी व्यस्थापन बोर्ड हार्दिक अनुरोध गर्दछ ।

साथै नयाँ वर्ष २०८२ को पावन अवसरमा हाम्रा उपभोक्ताहरुलगायत सम्पूर्ण पदाधिकारीहरु, सदस्यहरु, कर्मचारीहरुलगायत आमनेपालीमा सुख शान्ति समृद्धिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

डिभिजन खानेपानी कार्यालय, मकवानपुर हेटौंडा

स्वदेशी मौलिक उत्पादनको प्रवर्द्धन गरौं

- ☞ हाम्रो मौलिक उत्पादन पहिचानमात्र होईन आय-आर्जनको स्रोत पनि हो,
- ☞ घरेलु र परम्परागत सीपमा आधारित उत्पादनको अभिबृद्धि गर्दै स्वावलम्बी र स्वरोजगार बनौं,
- ☞ स्थानीय सीप, क्षमता र कच्चा पदार्थको उपयोग गरौं,
- ☞ हस्तकलालगायतका व्यवसाय सानो पूजमा पनि थालनी गर्न सकिन्छ,
- ☞ स्वदेशी उत्पादनबाट आत्मनिर्भर बनौं,
- ☞ आयातित वस्तुको सट्टा स्वदेशी उत्पादनलाई प्रोत्साहन गरौं,
- ☞ अर्थतन्त्रमा योगदान गरौं, मुलुकलाई समृद्ध बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड